राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया , देउखुरी,दाङ लुम्बिनी प्रदेश नेपाल

पत्र संख्याः चलानी नम्वरः

**प्रथम पटक प्रकाशित मिति २०८१/०४/१७**

**बिषयः कवाडीकर तथा बिज्ञापन कर असुलीका लागि दरभाउपत्र आव्हान सम्वन्धि सूचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राप्ती गाउँपालिकाको आर्थिक ऐन, २०८१ को बमोजिम निर्धारण गरिएको कवाडी कर तथा बिज्ञापन कर असुली कार्य ठेक्काका माध्यमबाट गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था वा फर्मवाट दरभाउपत्र पेश गर्नुहुन सात दिने सूचना प्रकाशित गरिएको छ ।

| सि नं | ठेक्का नं | ठेक्काको नाम | न्यूनतम अंक भ्याट बाहेक | कै |
|---|---|---|---|---|
| १ | आय०१/०८१/०८२ | कवाडी कर | ५५५०००/- | |

यस ठेक्का सम्बन्धी बिस्तृत बिबरण कार्यालयको सूचना पाटी तथा वेवसाईटमा प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

नेव बहादुर दली
प्रमुख प्रशासकीय अधिकृत

राप्ती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मसुरीया , देउखुरी,दाङ
लुम्बिनी प्रदेश नेपाल


पत्र संख्याः चलानी नम्वरः

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मसुरिया, देउखुरी दाङ, लुम्बिनी प्रदेश, नेपाल

**प्रथम पटक प्रकाशित मिति २०८१/०४/१७**

**बिषयः कवाडीकर असुलीका लागि दरभाउपत्र आव्हान सम्वन्धि सूचना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राप्ती गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ अनुसूची(४) बमोजिम निर्धारण गरिएको कवाडी कर आर्थिक बर्ष २०८०/०८१ मा यस कार्यालयवाट उठाउने कार्य ठेक्काका माध्यमबाट गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था वा फर्मवाट तपशिलको शर्तहरुको अधिनमा रहि दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. दरभाउपत्र सम्वन्धी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८१ साउन २३ गते ४ बजे) भित्र कार्यालयवाट रु १०००/- (फिर्ता नहुने गरी)तिरी खरिद गर्न सकिनेछ । सो को लागि संस्था दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्र मु. अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । दरभाउपत्र उक्त दिन ५ बजे भित्र दर्ता गरिसक्नुपर्नेछ ।

२ ठेक्काको न्यूनतम अंक (मु अ कर तथा अग्रीम आयकर बाहेक) रु ५५५०००/- अक्षरमा पाँच लाख पचपन्न हजार कायम गरिएकोछ ।

३ कवोल अंक बराबरको रकम संझौताका बखत एकमुष्ट रुपमा बुझाउनुपर्नेछ भने किस्ताको रुपमा बुझाउन चाहेमा २ किस्ता कायम गरी पहिलोपटक ७० प्रतिशत र आर्थिक बर्षको तेश्रो त्रैमासिकको अन्त्य सम्ममा बाँकी रहेको ३० प्रतिशत बुझाउनुपर्नेछ । बाँकी रहेको ३० प्रतिशत रकम बरावरको बैक जमानत पेश गर्नुपर्नेछ ।

४.आफुले कवोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको धरौटी खाता नं ३४००४०१००००००४ ग्लोबल आईएमई बैंकमा नगदै जम्मा गरी सो को सक्कल भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

५.ठेक्का २०८२ असार मसान्त सम्मका लागि हुनेछ । तर कार्यालयले ठेक्का ब्यवस्थापन मितब्ययी गराउने उद्देश्यले निर्णयानुसार प्रत्येक आर्थिक बर्षमा कम्तिमा १० प्रतिशतका दरले ठेक्का रकम बढाई सोही फर्मले लिन ईच्छुक भएमा बढीमा २ बर्षका लागि थप संझौता गर्न सक्नेछ । तर यस्तो संझौता गर्ने नगर्ने पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

६.महामारी बन्द हडताल वा अन्य कुनै प्रकारको अवरोध उत्पन्न भएमा कार्यालयले ठेक्का रकममा कुनै प्रकारको छुट दिने वा क्षतिपूर्ति दिने छैन ।

७. .प्रचलित कानूनले निषेध गरेका बस्तुहरुमा कर असुली गर्न पाईने छैन ।

८.यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

९.करका दरहरु आर्थिक ऐन,२०८१ ले तोके बमोजिम हुनेछ ।

१०.यसरी लगाईएको ठेक्काको शर्तहरु कार्यालयले तोके बमोजिम हुनेछ ।

नेव बहादुर दली
प्रमुख प्रशासकीय अधिकृत